ढुक्कले चल्दै अवैध क्रसर उद्योग

नेपालगन्ज, २१ असार (कास) : बाँकेमा आधाभन्दा बढी क्रेसर उद्योग अनाधिकृत रूपमा सञ्चालन हुँदै आइरहेका छन् । जिल्लामा ३० देखि ३५ को हाराहारीमा क्रेसर उद्योगहरू सञ्चालनमा रहे पनि क्रसर उद्योगको लेखाजोखा राख्ने निकाय घरेलु तथा साना उद्योगकको कार्यालयमा भने १४ मात्रै दर्तामा छन् । तीमध्ये पनि ४ वटा क्रेसर उद्योग मात्रै सञ्चालनमा रहेको घरेलु कार्यालयको तथ्यांकमा छ। तर, वास्तविकतामा सोभन्दा बढी उद्योगहरू सञ्चालनमा छन्।

कम जनशक्तिका कारण नियमित अनुगमन हुन नसक्दा जिल्लामा कति क्रसर उद्योगहरू सञ्चालनमा छन् भन्ने कुरा पत्ता लगाउन नसकिएको घरेलु तथा साना उद्योग कार्यालय बाँकेका निमित्त उद्योग अधिकृत सिताराम तिमिल्सिनाले बताए। क्रसर उद्योग सञ्चालनका लागि सरकारले सिमित मापदण्ड बनाए पनि बाँकेका अधिकाश क्रसर उद्योगहरू मापदण्डविपरीत रहेको उनले बताए।

अवैध क्रेसर उद्योगहरूको बेलाबेलामा स्थानीयले विरोध जनाउने गरे पनि सरकारी निकायले नै संरक्षण गरेपछि बाँकेका क्रेसर उद्योगहरू अवरोध बिना सञ्चालनमा आएका छन्।

कतिपय क्रसर उद्योगहरू विभिन्न बस्तीमै सञ्चालनमा छन् । वन क्षेत्रमा रहेका क्रसरहरूले चुरे खोतलेर स्वाहा बनाएका छन् भने बस्ती नजिकै सञ्चालनमा रहेका क्रेसरहरूले बस्तीबासीहरूलाई रुवाउनुसम्म रुवाएका छन्।

क्रेसर उद्योग सञ्चालनका लागि विद्यालयदेखि कम्तीमा २ किलो मिटरको दूरीमा हुनुपर्ने, स्वास्थ्य संस्थादेखि २ किलोमिटरको दूरीमा हुनुपर्ने, बस्तीदेखि २ किलोमिटरको दूरीमा हुनुपर्नेलगायतका नियम भए पनि बाँकेका क्रेसर उद्योग यी कुनै पनि नियमभित्र बसेको पाइँदैन।

सरकारी मापदण्डअनुसार क्रसर उद्योग सञ्चालनका लागि मुख्य राजमार्गदेखि कम्तीमा पनि ५०० मिटरको दूरीमा उद्योग रहनुपर्ने प्रावधान छ । तर, बाँकेका केही क्रसर उद्योग राजमार्गको छेउमै सञ्चालनमा छन् । राजमार्गको छेउमै मात्रै होइन बाँकेको शमशेरगन्जमा रहेका जय बागेश्वरी क्रसर उद्योग र शिवशंकर क्रेसर उद्योग त झन् घना बस्तीको छेउँमै सञ्चालन गरिरहेका छन्।

पटक-पटक बस्तीबाट क्रेसर उद्योग हटाउनका लागि स्थानीयले दबाब दिँदै आए पनि केही लाभ नसकेको स्थानीयको गुनासो छ । घर नजिकै क्रेसर उद्योग सञ्चालन भएपछि क्रेसरको धुलो र आवाजले स्थानीय हैरान परेको स्थानीय हरिकला मगरले बताइन् । क्रेसर उद्योग बन्द गराउनका लागि स्थानीयले पटक-पटक आन्दोलन पनि गरे । उद्योगमा आउजाउ गर्ने गाडीहरूलाई ढुंगामुढा तेर्साएर अवरोध पनि पुऱ्याए । तर, पनि स्थानीयको केही नलागेको मगरको गुनासो छ। सुरुमा काठ मिल सञ्चालन गर्ने भनी स्थानीयलाई झुटो कुरा गरी एकाएक क्रेसर उद्योग खोलेको स्थानीयको आरोप छ।

नेपालकै सबैभन्दा कान्छो निकुन्ज बाँके राष्ट्रिय निकुञ्ज र निकुञ्जको मध्यवर्ती क्षेत्रमा पनि केही क्रसर उद्योगहरू सञ्चालनमा छन्, जसले खोलामै स्काभेटर लगाएर ढुंगा गिटी उत्खनन गरिरहेका छन् । तर, त्यसलाई नियन्त्रण गर्नका लागि स्थानीय प्रशासनले भने कुनै कदम उठाउन सकेको छैन।